# बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

प्रस्तावना: प्रदेश सरकारले बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम कार्यक्रमलाई व्यवस्थित, पारदर्शिता र प्रभावकारी ढङ्गले सञ्चालन गर्न वाञ्छनीय भएकोले,

"प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन ,२०७५" को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ को प्रदेश सरकारले यो कार्यविधि वनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले कार्यक्रम सञ्चालनका लागि सम्वन्धित साझेदारलाई प्रदेश सरकारवाट प्रदान गरिने रकमलाई जनाउँछ ।

(ख) "कार्यालय प्रमुख" भन्नाले सम्वन्धित कार्यालयको प्रमुखलाई सम्झनु पर्दछ ।

(ग) "कार्यक्रम" भन्नाले बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सम्झनु पर्दछ ।

(घ) "कार्यविधि भन्नाले "बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन नियमावली, २०७६" सम्झनु पर्दछ ।

(ङ) "कोष" भन्नाले बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालनका लागि सम्वन्धित साझेदारले संयुक्त दस्तखतमा संचालन भएको वैङ्क खाता मार्फत सञ्चालन गरेको कोष सम्झनु पर्दछ ।

(च) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ ।

(छ) "पकेट क्षेत्र" भन्नाले भौगोलिक तथा वातावरणिय हिसाबले बाख्रा पालनका लागि उपयुक्त रहेको र तुलनात्मक रुपमा बाख्राको संख्यात्मक उपस्थिति र पालन कार्य वढी हुने भनि पहिचान भएका वा भविष्यमा त्यस्ता पशु पालन हुने क्षेत्रको रुपमा विकास गरिने स्थान विषेशलाई सम्झनु पर्दछ ।

(ज) "पशु विकास कार्यदल" भन्नाले बाख्रा श्रोतकेन्द्र स्थापना कार्यक्रम सञ्चालनका लागि जिल्लास्तरिय सरकारी निकायहरुको प्रतिनिधित्व हुने गरी गठन गरिएको कार्यदललाई सम्झनु पर्दछ ।

(झ) "प्रस्ताव" भन्नाले सम्बन्धित कार्यालयबाट यस कार्यविधि मुताविक कार्यक्रम कार्यान्वयन गर्ने सिलशिलामा जारी गरेको सार्वजनिक सूचना अनुसार प्रस्तावकले निर्धारित ढाँचामा तयार गरि पेश गरेको अवधारणा पत्र र अन्य आवश्यक कागजातहरुलाई समेत सम्झनु पर्दछ ।

(ञ) "प्रस्तावक" भन्नाले यस नियमावली र सार्वजनिक सूचना मुताविक प्रस्ताव पेश गर्न योग्य रहेका बाख्रापालक कृषक समूह/समित/सहकारी/व्यवसायिक संघ संस्थालाई सम्झनु पर्दछ ।

(ट) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(ठ) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ ।

(ड) "समिति" भन्नाले कम्तिमा पाँच वटा कृषक समूहको प्रतिनिधित्व हुने गरि विधानतः गठित र सम्वन्धित निकायबाट आधिकारिकता प्रदत्त समितिलाई जनाउँछ ।

(ढ) "साझेदार" भन्नाले लागत सहभागितामा बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन गर्नका लागि सम्वन्धित कार्यालय संग द्विपक्षिय सम्झौता भएका बाख्रापालक कृषक समूह/ समित/सहकारी/व्यवसायीक संघ संस्थालाई सम्झनु पर्दछ ।

(ण) "साझेदारी" भन्नाले बाख्रा श्रोतकेन्द्र स्थापना कार्यक्रम सञ्चालनका लागि दुई वा दुई भन्दा बढी सरकारी एवं गैरसरकारी क्षेत्र बिच द्विपक्षीय/वहुपक्षीय सम्झौताका आधारमा हुने लागत सहभागितालाई सम्झनु पर्दछ ।

(त) "सम्वन्धित कार्यालय" भन्नाले कार्यक्रम सञ्चालनको अख्तियारी प्राप्त निकायलाई सम्झनु पर्दछ ।

(थ) "समूह" भन्नाले कम्तिमा दश जना कृषकहरु प्रचलित कानून वमोजिमको आधिकारिक निकायमा दर्ता वा अभिलेखित भई बनेको कृषक समूहलाई सम्झनु पर्दछ ।

३. <u>उद्देश्यहरुः</u> यो कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः-

(क) भौगोलिक क्षेत्र र हावापानी सुहाउँदो स्थानिय तथा वर्णशंकर बाख्राको नश्ल सुधार गरि उच्च उत्पादन क्षमतायुक्त प्रजनन् योग्य बोका र बाख्राको उपलव्धता बढाउने ।

(ख) कृषक समुदायमा आधारित सहभागितामुलक बाख्रा नश्ल सुधार प्रणाली स्थापित गर्ने ।

(ग) बाख्रा पालन क्षेत्रको व्यवसायीक रुपान्तरणमा सहयोग पुर्याउने ।

(घ) मासु तथा मासुजन्य पदार्थमा प्रादेशिक आत्मनिर्भरता हासिल गर्न सहयोग पुर्याउने ।

४. <u>रणनीतिहरु</u> : दफा ३ बमोजिमका उद्देश्य प्राप्तिका लागि देहायका रणनीतिहरु अपनाईने छनः-

(क) बाख्रापालक कृषक समूह/ समित/ सहकारी/ व्यवसायिक संघ संस्था मार्फत साझेदारीमा उन्नत नश्लका बाख्राको श्रोत केन्द्र स्थापना गरिनेछ ।

प्रमुख सचिव

(ख) बाखाको उत्पादन अभिलेखिकरण, विस्तार र छनौट प्रकृयाको अवलम्वनवाट माउ तथा पाठापाठीको नश्ल सुधार गर्दै लगिनेछ ।

(ग) व्यवसायीक बाखापालनका लागि चाहिने व्यवस्थित खोर, नश्ल सुधार, आहारा, स्वास्थ्य, वजार व्यवस्थापन एवं कृषकको क्षमता अभिबृद्धिका कार्यक्रमहरु प्याकेजको रुपमा उपलव्ध गराई नमूना बाखा श्रोत केन्द्रको विकास गरिनेछ ।

(घ) संचालित कार्यक्रमको अवधि समाप्त पश्चात पनि श्रोत केन्द्रले यसलाई निरन्तरता दिई दिगो बनाउनेछ ।

(ङ) सम्वन्धित साझेदारहरुको संलग्नतामा असल पशुपालन अभ्यास अवलम्वन गर्न अभिप्रेरित गरिनेछ ।

(च) कार्यक्रम सञ्चालन पाँच वर्ष सम्म श्रोत केन्द्रलाई आत्मनिर्भर बनाउन संचालन गरिनेछ ।

(छ) कार्यक्रम सञ्चालनको पाँच वर्षमा प्रत्येक बाखा श्रोतकेन्द्र कम्तिमा पचास जना कृषकहरु आवद्ध भै पच्चिस शय वटा प्रजनन योग्य वयस्क बाखा पालेको हुनेछ ।

(ज) श्रोत केन्द्रमा घाँसमा आधारित पशुपालनमा जोड दिइनेछ ।

(झ) श्रोत केन्द्रको संचालन, विकास, विस्तार र दिगोपनका लागि आसपासका अन्य बाखापालक कृषक समूह/समित/सहकारी/व्यवसायिक संघसंस्थाहरुलाई कार्यक्रममा समेटदै लगिनेछ ।

(ञ) श्रोत केन्द्रमा भएका पशुहरुको हर्डवुक तयार गरि अध्यावधिक गरिनेछ ।

(ट) श्रोत केन्द्रमा बाखाको उपलव्धता र बेचबिखन सम्बन्धि सूचना अध्यावधिक र व्यवस्थित गरिनेछ ।

(ठ) कार्यक्रमको सफल कार्यान्वयनको लागि सरोकारवालाहरुको संलग्नतामा अनुगमनलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

## परिच्छेद –२

## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

५. <u>कार्यक्रम संचालन अवधिः</u> कार्यक्रमको प्रभावकारीता र संतोषजनक भएको अवस्थामा बढीमा पाँच वर्ष सम्म फ्लोअप कार्यक्रम संचालन हुनेछ ।

६. <u>कार्यक्रम सञ्चालन स्थान छनौटका आधारहरुः</u> सम्वन्धित कार्यालयले बाखा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन गर्ने स्थानको छनौट गर्दा देहायका बुँदाहरुमा ध्यान दिनेछः-

(क) भौगोलिक तथा वातावरणीय हिसावले बाखा पालनको सम्भावना भएको हुनु पर्नेछ ।

(ख) तुलनात्मक हिसावले बाखाको संख्या वढि भएको क्षेत्र हुनु पर्नेछ ।

(ग) विगतमा बाखा पकेट क्षेत्रका रुपमा पहिचान र प्रवर्द्धन गरेको हुनु पर्नेछ ।

(घ) बाखा पालनमा संलग्न कृषकहरुको वाहुल्यता रहेको हुनु पर्नेछ ।



सचिव

प्रमुख सचिव

(ङ) चरिचरनको उपलब्धता तथा [illegible] को आवश्यकता र सम्भावना भएको हुनु पर्नेछ ।

(च) व्यवसायीक बाख्रापालन विस्तारका सम्भावना रहेको हुनु पर्नेछ ।

(छ) कार्यक्रम प्रति कृषकहरुको झुकाव र प्रभावकारी कार्यान्वयनको सम्भावना भएको हुनु पर्नेछ ।

७. <u>सम्भावित साझेदारहरुः</u> कृषि/पशुपालनमा आवद्ध सहकारी संघ/संस्था, बाख्रा पालन/पालक व्यवसायीक संघ/संस्था, बाख्रा पालक कृषक समूह/समितिहरु हुनेछन् ।

८. अनुदान रकमबाट सञ्चालन गर्न सकिने कार्यहरुः सम्बन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमबाट साझेदारहरुले देहाय वमोजिमका कृयाकलापहरु सञ्चालन गर्न सक्नेछनः-

(क) खोर निर्माण/सुधार र जैविक सुरक्षाका उपायहरुको अवलम्वन

(ख) डिपिङ्ग टयाङ्क निर्माण/सुधार

(ग) पशु संकलन केन्द्र र अन्य वजार पूर्वाधार विकास

(घ) प्रजननयोग्य माउ बाख्रा र व्याडको बोका खरिद एवं ढुवानी

(ङ) घाँसको विउ/वेर्ना खरिद, ढुवानी र वितरण

(च) हिट सान्क्रोनाइजेशन तथा मौसमी कृत्रिम गर्भाधन सेवा सञ्चालन

(छ) व्यवसायिक बाख्रा फार्मका लागि ब्रडिजो क्यास्ट्रेटर र अन्य औजार/उपकरण खरिद

(ज) बाख्राको आन्तरिक तथा वाहय परजिवी नियन्त्रण र पशु उपचार

(झ) पशु खोप सेवा र प्रयोगशाला सेवा सञ्चालन

(ञ) क्षमता विकास तालिम, आन्तरिक अवलोकन भ्रमण र अन्तरकृया गोष्ठी

(ट) प्रगति प्रतिवेदन, अभिलेखिकरण र तथ्याङ्क अध्यावधिकका लागि प्राविधिक सहजकर्ता परिचालन ।

(ठ) स्थान बिषेशको आवश्यकताका आधारमा सम्वन्धित कार्यालयले उचित ठानेका बाख्रापालन प्रवर्द्धनमा सहायक हुन सक्ने अन्य कार्यक्रमहरु ।

९. <u>अनुदान प्रवाहका शर्तहरुः</u> (१) प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा दर्ता/अभिलेखित भएका साझेदारहरु संग मात्र यो कार्यक्रम सञ्चालनका लागि साझेदारी गरिनेछ ।

(२) अनुदान प्राप्त गर्ने साझेदारले कम्तिमा दश वर्ष सम्म श्रोतकेन्द्र सञ्चालन गर्नु पर्नेछ ।

(३) सम्बन्धित साझेदारले स्वच्छ उत्पादन विधि (Hygienic Code of Practice) परिपालन गर्न मन्जुर हुनु पर्नेछ ।

(४) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीवाट प्रचलित कानून वमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कार्वाही हुनेछ ।

(५) सम्भावित साझेदारले कर चुक्ता गरेको, स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(६) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ ।



प्रमुख सचिव

(७) श्रोत केन्द्र स्थापना पश्चात वार्षिक कम्तिमा पाँच शय वटा प्रजनन योग्य वाखाको वेचबिखन भएको हुनेछ ।

(७) प्रत्येक श्रोत केन्द्रमा कम्तिमा पचास जना कृपक आवद्ध भै प्रत्येक कृपकले कम्तिमा पचास वटा प्रजनन योग्य वाखा पालन गरि वाखा श्रोत केन्द्रको हकमा पच्चिस शय वटा प्रजनन योग्य वाखा पालन भएको हुनेछ ।

(८) श्रोत केन्द्रका राम्रो गुणस्तर तथा उत्पादन क्षमता भएका स्वस्थ्य पशुहरुको छनौट र ट्यागिङ्ग गरी अभिलेख राख्नु पर्नेछ ।

(९) साझेदारले हरेक महिना अनुसूची– ११ बमोजिमको ढाँचामा प्रगति पठाउनु पर्नेछ ।

(१०) श्रोत केन्द्रका वाखाको प्राविधिक सूचक अनुसूची– १२ वमोजिम हुनेछ ।

(११) पशुको गोठ निर्माण गर्दा हावापानी सुहाउँदो, बैज्ञानिक, सफा र हावादार हुनु पर्नेछ ।

(१२) श्रोत केन्द्रमा भएका पशुहरुमा असल व्यवस्थापन अभ्यास, परजिवी नियन्त्रण, पशु खोप आदि अवलम्वन गरि सो को विवरण अध्यावधिक गरि राख्नु पर्नेछ ।

(१३) श्रोत केन्द्रमा आवद्ध सबै सदस्यहरुले घाँसमा आधारित पशुपालनको लागि मौसम र सम्भावना अनुसारका हिउँदे, वर्षे र वहुवर्षिय घाँस खेति तथा साईलेज प्रविधि अवलम्वन गर्नु पर्नेछ ।

(१४) श्रोत केन्द्रमा आवद्ध कृपकहरुले वाखाको अनिवार्य रुपमा विमा गरेको हुनु पर्नेछ ।

१०. <u>कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्वः</u> (१) कार्यक्रम कार्यान्वयनका सिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानि सम्वन्धि जिम्मेवारी र दायित्व सम्वन्धित अखितयार प्राप्त कार्यालयको हुनेछ ।

(२) सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र सम्पन्न गर्ने दायित्व सम्वन्धित साझेदारको हुनेछ ।

(३) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्वन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रवाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।

(४) अनुदानग्राहीले कार्यक्रम सञ्चालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्वन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

(५) कार्यक्रम कार्यान्वयनको लागि दफा १५ वमोजिमको समिति रहनेछ ।

११. <u>कार्यक्रम कार्यान्वयन प्रकृयाः</u> (१) सम्वन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम मुताविक *अनुसूची– १* वमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(२) कार्यक्रममा सहभागी हुन ईच्छुक प्रस्तावकहरुले *अनुसूची– २* वमोजिमको आवेदन, *अनुसूची– ३* वमोजिमको संक्षिप्त कार्य योजना, *अनुसूची– ४* वमोजिमको लागत साझेदारीको



सचिव

प्रमुख सचिव

प्रतिवद्धता पत्र, *अनुसूची– ५* वमोजिमको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र र अन्य सान्दर्भिक कागजातहरु संलग्न राखी निर्धारित समय भित्र सम्वन्धित कार्यालयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

(३) दफा ११ को उपदफा (१) वमोजिम सूचनाका आधारमा निर्धारित समय भित्र प्रयाप्त प्रस्तावहरु दर्ता हुन नआएमा सम्वन्धित कार्यालयले म्याद थप गरेर सात दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

(४) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

(५) उपयुक्तताका आधारमा प्राप्त आवेदनहरुको प्रारम्भिक छनौट, वमोजिम फिल्ड भेरिफिकेसन र सिफारिसका लागि निम्न वमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रदेश निर्देशकले तोकिएको वरिष्ठ अधिकृत, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | संयोजक |
| (ख) | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, | |
| (ग) | पशुपन्छी विकास महाशाखाको प्राविधिक अधिकृत प्रतिनिधि | सदस्य |
| (घ) | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, | |
| (ङ) | योजना तथा अनुगमन महाशाखाको प्राविधिक अधिकृत | सदस्य |
| (च) | प्राविधिक पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका २ जना | सदस्य |
| (छ) | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ज) | कार्यक्रम हेर्ने सम्पर्क व्यक्ति | सदस्य-सचिव |

(६) समितिले आवश्यकता मुताविक दुई जना आमन्त्रण गर्न सक्नेछ।

(७) रितपूर्वक दर्ता हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेशनका लागि उपयुक्त प्रस्तावहरुको सूचि तथा छनौट भएका प्रस्तावहरुको प्राथमिकिकरण सहितको अन्तिम सूची तयार गर्ने जिम्मेवारी समिति सदस्य– सचिवको हुनेछ ।

प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक टोली परिचालन गरि फिल्ड भेरिफिकेसन गर्नेछ तथा आवश्यक ठानेमा समिति स्वयंले समेत प्रस्ताव सिफारिस गर्नु पूर्व स्थलगत अनुगमन गर्न सक्नेछ ।

(८) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले *अनुसूची– ६* र अनुसूची– ७ वमोजिम कुल प्रासाङ्कको आधारमा प्राथमिकिकरण सहित तयार गरेको अनुसूची– ८ वमोजिमको सूची स्वीकृतिका लागि सचिव समक्ष सिफारिस गर्नेछ ।

१२. <u>सम्झौताः</u> (१) सम्वन्धित कार्यालयले स्वीकृत प्रस्तावका आवेदकहरुलाई दफा १५ वमोजिम वाख्रा श्रोत केन्द्र सन्चालक समिति गठन गर्न सहजिकरण गर्नेछ र उक्त समिति संग *अनुसूची–९* वमोजिमको द्विपक्षीय सम्झौता गरि कार्यक्रम कार्यान्वयन गर्नेछ ।



सचिव प्रमुख सचिव

(२) सम्झौताको जानकारी सम्बन्धित स्थानीय तहमा पठाईनेछ ।

(३) तोकिएको अवधि भित्र द्विपक्षीय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(४) द्विपक्षीय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

१३. <u>भुक्तानी प्रकिया:</u> (१) बार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोकिनेछ । अर्थात: सम्बन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमलाई कार्यक्रम सञ्चालन लागतको पचहत्तर प्रतिशत बराबर मानी बाँकी पच्चिस प्रतिशत रकम सम्बन्धित साझेदार संस्थाले व्यहोर्नु पर्नेछ ।

(२) साझेदारले व्यहोर्ने घटिमा पच्चिस प्रतिशत साझेदारी रकममा जग्गा र चालु खर्च वापतको रकम समावेश हुने छैन ।

(३) सम्पन्न भएका कृयाकलापहरुको अनुदान रकम बढीमा दुई किस्तामा साझेदारको बैंक खातामा भुक्तानी दिईनेछ । तर कार्य सम्पन्न भएको अवस्थामा एकै किस्तामा अनुदान रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

(४) भुक्तानी गरिने रकमबाट तिन प्रतिशत कन्टिनजेन्सी बापत र नियमानुसारका अन्य सरकारी कर कट्टा गरि बाँकी रकम उपलव्ध गराईनेछ । सो कन्टेजेन्सी रकमबाट सम्बन्धित कार्यालयले आवश्यकता अनुसार समितिहरुको बैठक, कार्यक्रम अनुगमन निरिक्षण, सरोकारवालाहरु संग अन्तरक्रिया गोष्ठी, भ्रमण, अवलोकन, कार्यालय सञ्चालन आदिमा खर्च गर्न सक्नेछ ।

(५) सम्बन्धित कार्यालयले कार्यक्रम सञ्चालनको सफलताको आधारमा पाँच वर्ष सम्म बजेटको व्यवस्था गरी कार्यक्रमलाई निरन्तरता दिनेछ ।

(६) सम्बन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमको भुक्तानी बढिमा दुई किस्तामा साझेदारको संयुक्त दस्तखतबाट संचालित बैङ्क खातामा हुनेछ ।

(७) सम्बन्धित कार्यालयले सम्झौता रकमको बढिमा पचास प्रतिशत बराबर प्रथम किस्ता बापत पेश्कि निकासा दिन सक्नेछ । दोश्रो किस्ता निकासाका लागि प्रथम किस्ताबाट सम्पादित कार्यहरुको नियमानुसारको बिल/बिजक, प्राविधिक प्रतिवेदन र सम्बन्धित कार्यालय वा स्थानिय तह पशु सेवा शाखाको स्थलगत निरीक्षण प्रतिवेदन र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(८) साझेदारले कार्यक्रम सम्पन भए पश्चात सम्बन्धित सरोकारवालाहरुको सहभागितामा सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन अन्तिम भुक्तानीका समयमा कार्य सम्पन्न प्रतिवेदन सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।



प्रमुख सचिव

(९) श्रोत केन्द्रमा आवद्ध कृषकहरुले पालेका बाखाको उत्पादन विवरण, प्रगति प्रतिवेदन र अन्य अभिलेखिकरण कार्यका लागि श्रोत केन्द्र सन्चालक समितिले सम्वन्धित कार्यलयको समन्वयमा एक प्राविधिक सहजकर्ता नियुक्ति र परिचालन गर्न सक्नेछ ।

(१०) साझेदारको कोषको लेखा परिक्षण प्रचलित कानून वमोजिम हुनेछ ।

(११) साझेदारले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र कोषको विवरण र अन्य कागजातहरु फरफारकका लागि सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

१४. <u>अनुगमन र मूल्याङ्कनः</u> (१) आवश्यकता अनुसार सम्वन्धित सरोकावालाहरुवाट र भुक्तानी प्रयोजनको लागि सम्वन्धित विज्ञ र प्राविधिक टोलीहरुवाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(२) अनुदानको उपयोग प्रगतिको अवस्था र नियमावली बमोजिमका शर्तहरु पालन गरे/नगरेको सम्वन्धमा सम्वन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(३) अनुगमन टोलीले अनुदान उपयोगको सम्वन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु सम्वन्धित साझेदारको कर्तव्य हुनेछ ।

(४) कार्यक्रम स्थलमा सवैले बुझ्ने भाषामा होर्डिङ वोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

(५) सम्बन्धित कार्यालयले समय समयमा *अनुसूची– १०* बमोजिम अनुगमन गर्न कर्मचारीहरु खटाउन सक्नेछ ।

१५. <u>बाखा श्रोत केन्द्र संचालक समितिः</u> (१) वाखा श्रोत केन्द्र स्थापना हुने स्थानमा कार्यक्रम सञ्चालन, अनुगमन, समन्वय, सुझाव, सहयोग, नियन्त्रण र अनुदान रकम परिचालन गर्न देहाय बमोजिमको समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | साझेदार संस्थाको अध्यक्ष वा निजले तोकेको व्यक्ति | संयोजक |
| (ख) | साझेदार संस्थाले तोकेको व्यवसायीक कृषक (३ जना) | सदस्य |
| (ग) | सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधि (१ जना) | सदस्य |
| (घ) | अन्य सरोकारवाला निकायका प्रतिनिधि (१जना) | सदस्य |
| (ङ) | सम्बन्धित कार्यालयको प्राविधिक | सदस्य सचिव |

(२) दफा १५ उपदफा (१) वमोजिम गठित समितिको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछः-

(क) वाखा श्रोतकेन्द्र सञ्चालन गर्न द्विपक्षिय सम्झौता गर्ने ।

(ख) सम्झौता अनुसार श्रोतकेन्द्र स्थापना गरी कार्यक्रमहरु सञ्चालन गर्ने गराउने ।

(ग) स्थानिय तहहरु संग समन्वय गरी वाखा श्रोतकेन्द्र विकासको लागि आर्थिक सहयोग जुटाउने ।

सचिव



प्रमुख सचिव

(घ) श्रोतकेन्द्रमा रहेका बाख्राको बिक्री गर्ने/गराउने ।

(ङ) आवश्यकता अनुसारका अभिलेख व्यवस्थापन गर्ने/गराउने ।

(च) श्रोतकेन्द्रमा भएका राम्रो गुणस्तर तथा उच्च उत्पादन क्षमता भएका स्वस्थ बाख्राहरुको छनौट र ट्यागिङ्ग गरी अभिलेख राख्ने व्यवस्था गर्ने/गराउने ।

(छ) आवश्यकता अनुसार प्राविधिक सहजकर्ता नियुक्ति गर्ने र निजलाई सेवा वापतको पारिश्रमिक तोक्ने ।

(ज) आफ्नो श्रोतकेन्द्रमा रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेट तर्जुमा गरी सम्बन्धित कार्यालयमा प्रस्ताव स्वीकृतीको लागि पेश गर्ने/गराउने ।

(झ) व्यवसायीक रुपमा श्रोतकेन्द्र सञ्चालन, विकास र विस्तार गर्न आसपासका अन्य बाख्रापालक कृषक समूह/ समित/ सहकारी/ व्यवसायिक संघसंस्थाहरुलाई कार्यक्रममा संलग्नता गराउँदै लैजाने ।

(ञ) श्रोत केन्द्रका कृषकहरुलाई शिप अभिवृद्धिको लागि व्यवसायिक बाख्रापाल तालिम, गोष्ठी, भ्रमण र बैठक सञ्चालन गर्ने/गराउने ।

(ट) उत्पादित बाख्राहरुको बजारीकरण गर्ने/गराउने ।

(ठ) घाँस खेतिको आधारमा पशुपालन गर्ने/गराउने ।

(ड) श्रोत केन्द्रमा आवद्ध कृषकहरुलाई दफा ८ बमोजिम अनुदान प्रवाहका शर्तहरुको पालना गर्ने गराउने ।

(ढ) श्रोतकेन्द्रमा उत्पादित बाख्रा बिक्री वितरणको लागि मूल्य निर्धारण गर्ने ।

(ण) चौमसिक रुपमा सम्बन्धित कार्यालयमा प्रगति विवरण पठाउने ।

(त) संचालित कार्यक्रमहरुको सार्वजनिक सुनुवाई गर्ने ।

(थ) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट अनुगमनका क्रममा दिएका सूझावहरु कार्यान्वियन गर्ने गराउने ।

१६. <u>प्राविधिक सहजकर्ताको व्यवस्था र परिचालन:</u> (१) श्रोत केन्द्रमा आवद्ध कृषकहरुलाई प्राविधिक सेवा टेवा, प्रविधि अनुशरण, अभिलेखिकरण, गोठ व्यवस्थापन, पशु आहारा सेवा, पशु स्वास्थ्य सेवा, प्रयोगशाला सेवा, कृत्रिम गर्भाधान सेवा र बजार व्यवस्थापन जस्ता कार्यमा सहयोग र सहजिकरणका लागि एक जना प्राविधिक सहजकर्ता नियुक्त गरिनेछ ।

(२) सम्बन्धित कार्यालयको समन्वयमा कम्तिमा पशु विज्ञान विषय लिई टि.एस.एल.सी. उतिर्ण गरेको स्थानिय व्यक्तिलाई प्राविधिक सहजकर्ता छनौट गरिनेछ ।

प्रमुख सचिव

(३) श्रोत केन्द्र सञ्चालक समितिले अनुसूची-१३ वमोजिम सम्झौता गरि प्राविधिक सहजकर्ता परिचालन गर्नेछ ।

१७. <u>बाख्राको नश्ल सुधार तथा प्रजनन् व्यवस्थापनः</u> (१) कार्यक्रम संचालन भएको पहिलो वर्षमा उत्पादन क्षमता न्यून भएका प्रजनन् बोकालाई खसि पार्न वा हटाउन विशेष अभियान संचालन गरिनेछ ।

(२) बाख्राको नक्ष सुधार तथा हाड नाता प्रजनन् रोकथामको लागि तिस वटा माउ बाख्रा वरावर एउटा ब्याडको बोकाको व्यवस्था गरिनेछ। श्रोत केन्द्रले सम्वन्धित कार्यालय संगको समन्वयमा सिफारिस गरिएका उन्नत नक्षको प्रजननयोग्य बोका खरिद गर्नु पर्नेछ ।

(३) माउवाट दुध छुटाउने उमेरका पाठा र पाठीलाई अलग राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) छनौट गरिएका पाठाहरुको हकमा हाडनाता नपर्ने कुराको सुनिश्चितता गर्नु पर्नेछ र छनौटमा अयोग्य ठहरिएका पाठाहरुलाई खसि पार्नु पर्नेछ ।

१८. <u>बाख्राको अभिलेखीकरण, तथ्यांक विश्लेषण र छनौटः</u> (१) श्रोत केन्द्रमा रहेका बाख्रको पहिचानको लागि सम्पूर्ण माउ बाख्रा, ब्याडे बोका तथा पाठापाठीहरुलाई अनिवार्य रुपले टयागिङ्ग गर्नु पर्नेछ ।

(२) श्रोतकेन्द्रका बाख्राको अनुसूची– १४ वमोजिमको अभिलेख सम्वन्धित कृषकले भरेर अध्यावधिक गरि राख्नु पर्नेछ तथा कृषकले भरेका अभिलेखहरु दुरुस्त भए नभएको कुराको पुनरावालोकन र आवस्यक परिमार्जन प्राविधिक सहजकर्ताले गर्नेछ ।

(३) श्रोत केन्द्रका पाठापाठीको तिन महिना र पाँच महिनाको उमेरमा लिइएको अभिलेख/तथ्यांक प्राविधिक सहजकर्ताले कृषकहरुवाट संकलन गरि श्रोत केन्द्र संचालक समितिमा बुझाउनेछ र समितिले सम्बन्धित कार्यालयलाई पेश गर्ने छ ।

(४) कार्यक्रम समाप्ति पाश्चात पनि श्रोतकेन्द्र संचालन समितिले उपदफा (३) वमोजिमको कार्यलाई निरन्तरता दिनेछ र अभिलेखिकरण कार्यका लागि आवश्यकता अनुसार फारम सम्वन्धित कार्यालयले श्रोतकेन्द्र सन्चालक समितिलाई उपलब्ध गराउनेछ ।

(५) कृषकबाट उपदफा (३) र (४) वमोजिम संकलन गरिएका तथ्यांकहरु सम्भव भए श्रोत केन्द्र सन्चालक समितिलाई उपलब्ध गराइएको सफ्टवेयरमा प्रविष्ट गरि विश्लेषण गर्ने वा सम्भव नभएमा सम्वन्धित कार्यालयमा पठाई विश्लेषण गरिनेछ ।

(६) सम्वन्धित कार्यालयले तथ्यांक विश्लेपणका आधारमा छनौट भएका बाख्रा/बोका/पाठापाठीको जानकारी श्रोतकेन्द्र सन्चालक समिति मार्फत सम्वन्धित कृषकहरुलाई गराई तद्अनुरुप बाख्राहरुको छनौट गरिनेछ ।



प्रमुख सचिव

(७) कार्यक्रम समाप्ति पश्चात पनि प्रदेश नं.-१ सञ्चालक समितिले तथ्याङ्क विश्लेषणका आधारमा छनौट प्रकृयालाई निरन्तरता दिनु पर्नेछ ।

(८) श्रोत केन्द्रका बाख्राहरुको छनौट देहाय वमोजिम हुनेछः-

(क) बाख्राको नश्ल सुधारको लागि जन्मतौल, वृद्धिदर, जन्मने पाठापाठीको संख्यालाई मुख्य आधार मानिनेछ । कृषकले पालेका बाख्रा, बोका तथा तिनका पाठापाठीको निर्धारित मापदण्डको आधारमा अभिलेख राखि तथ्यांक विश्लेषण र छनौट गरेर प्रजननको लागि प्रयोग गरिनेछ ।

(ख) पाठापाठीको पहिलो तिन महिनाको शारिरक तौल र माउ बाख्राको जुम्ल्याहा पाउने गुणलाई मुख्य आधार मानि माउ बाख्राको छनौट गरिने छ ।

(ग) पाठापाठीको हकमा पहिलो तिन महिनाको तौल, पाँच महिनाको तौल र जुम्ल्याहा गुणलाई मुख्य आधार मानि छनौट गरिनेछ ।

(घ) सेलेक्सन इन्टेन्सिटिको (Selection Intensity) हकमा कृषकहरुसँग छलफल गरि व्याडको बोकाको लागि बढिमा वीस प्रतिशत र पठ्यांग्रीको लागि पचास प्रतिशत सम्म निर्धारण गरिनेछ ।

(ङ) प्रजननका लागि छनौट गरिएका बोका तथा पठ्यांग्री मध्ये उत्कृष्ठ दश प्रतिशत बोका र बीस प्रतिशत पठ्यांग्रीलाई सोही श्रोतकेन्द्रका बाख्राको प्रतिस्थापनका लागि राखिनेछ । यसरि प्रतिस्थापित बोका तथा पठ्यांग्रीमा हाडनाता प्रजननलाई नियन्त्रणका लागि प्रजनन् योजना बनाइनेछ ।

(च) छनौट भएका बाँकी बोका तथा पठ्यांग्रीलाई प्रजननका लागि विक्री वितरण गर्ने व्यवस्था गरिनेछ । प्रजनन योग्य माउ बाख्रा र बोकामा हुने गुणहरुको मापदण्ड *अनुसूची– १२* बमोजिम हुनेछ ।

१९. <u>बाख्राको बजार व्यवस्थापनः</u> श्रोत केन्द्रमा उत्पादित बाख्राको बजारीकरणको लागि देहाय वमोजिमको व्यवस्था गरिने छः-

(१) श्रोत केन्द्र सन्चालक समितिले उत्पादित विक्री योग्य बाख्राहरुको इन्भेन्ट्री तयार गरि र प्रजनन बोका, प्रजनन् माउ बाख्रा, खसी, छटनी गरिएका माउ र पाठापाठीहरुको विक्रि मुल्य निर्धारण गर्नेछ ।

(२) बजारीकरणको सहजताका लागि सम्भाव्यताको आधारमा कृषक समुदाय/ सामुदायिक संघ संस्था/ अन्य सरोकारवालाहरु सँगको सहकार्यमा बाख्रा संकलन केन्द्र स्थापना र सञ्चालन गर्न सकिनेछ ।

(३) बाख्राहरुको विक्री वितरणको लागि स्रोतकेन्द्र र बाख्रा विकासमा संलग्न सरकारी तथा गैर-सरकारी संघ संस्थाहरु संग आवस्यक समन्वय गरिनेछ ।



सचिव प्रमुख सचिव

## परिच्छेद

## विविध

२०. <u>कार्वाही:</u> यो कार्यविधिमा बमोजिम अनुदानको दुरुपयोग भएको पाइएमा प्रचलित कानून वमोजिम कार्वाही गरी असुल उपर गरिनेछ ।

२१. <u>आर्थिक प्रशासन सेवा:</u> कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रादेशिक र संघिय सरकारका प्रचलित कानून वमोजिम हुनेछ ।

२२. <u>प्रचलित कानून लागु हुने:</u> कार्यक्रम कार्यान्वयनको सम्वन्धमा यो कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

२३. <u>बाधा अड्काउ फुकाउने:</u> यो कार्यविधि बमोजिम कार्य सम्पादन गर्न कुनै वाधा अडकाउ परेमा मन्त्रालयले आवश्यक निर्णय गरी त्यस्तो वाधा अडकाउ फुकाउन सक्नेछ ।

२४. <u>खारेजी एवं संशोधन:</u> प्रदेश सरकारले आवश्यकता अनुसार यो कार्यविधि खारेजी वा संसोधन गर्न सक्नेछ ।

सचिव

प्रमुख सचिव

प्रदेश सरकार
अनुसूची नं.-१

## बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०/.../....

प्रदेश सरकार, ............................... को आ.व. .... को स्वीकृत वार्षिक कार्यक्रम मुताविक बाख्राको भरपर्दो श्रोतको अभावलाई दृष्टिगत गरि साझेदारीमा बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन गर्नका लागि "बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन कार्यविधि २०७६" ले तोके बमोजिमका शर्तहरु पालना गरी सहकार्य गर्न इच्छुक बाख्रा पालक कृषक समुह/समिति/सहकारी संघसंस्था/व्यवसायीक संघसंगठनहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र औं दिन सम्म कार्यालय समय भित्र ............. मा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेतयसै सूचना द्वारा जानकारी गराईन्छ । थप जानकारीका लागि ......................... फोन नं. ...................... मा सम्पर्क राख्न वा ................. वेभसाईट बाट "बाख्रा श्रोत केन्द्र विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७६" डाउनलोड गर्न सकिने छ ।

कार्यक्रम विवरण

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| | | | | |

आवेदन साथ संलग्न हुनु पर्ने कागजातहरु:

(१) रु. पाँच शय तिरेको राजश्व रसिद ।
(२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
(३) अनुसूची– २ बमोजिमको आवेदन ।
(४) अनुसूची– ३ बमोजिमको संक्षिप्त कार्ययोजना ।
(५) अनुसूची– ४ बमोजिमको लागत साझेदारीको प्रतिवद्धता पत्र ।
(६) अनुसूची– ५ बमोजिम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र ।
(७) संस्थाको संचालक समितिबाट कार्यक्रम कार्यान्वयन गर्ने निर्णयको प्रतिलिपि ।
(८) संस्थासंग आवद्ध सदस्यहरुले प्राप्त गरेको अन्य प्रमाण पत्रहरुका (तालिम, शैक्षिक योग्यता आदि) प्रतिलिपि ।
(९) दर्ता, नविकरण, भ्याट, प्यान प्रमाणपत्रको प्रतिलिपि ।
(१०) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रामण पत्रको प्रतिलिपी आदी।

१३ प्रमुख सचिव

## बाख्रा श्रोत केन्द्र स्थापना तथा सञ्चालनको आवेदन

श्रीमान् निर्देशकज्यू
पशुपन्छि तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं. १ विराटनगर

विषयः कार्यक्रम सञ्चालनमा सहभागी हुन पाउँ भन्ने बारे ।

महोदय,

तहाँ कार्यालयको मिति....................को ..............मा प्रकाशित सूचना अनुसार बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन गर्ने ईच्छा भएकाले तपसिल अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेकोछु। उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षिय सम्झौता र कार्यविधिका शर्त र मापदण्हरु परिपालना गरि कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता गर्दछु साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचललित कानून वमोजिम सजायको भागेदारी हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |
| ९ | | |
| १० | | |

आवेदकको नामः
ठेगानाः
दस्तखतः
मितिः
छापः

सचिव

अनुसूची-३

## बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रमको संक्षिप्त कार्य योजना

१. संस्था सक्षिप्त विवरणः

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| स्थापना भएको मिति | |
| दर्ता भएको मिति र निकाय | |
| सम्पर्क टेलिफोन नम्वर | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क व्यक्तिको मोवाईल/टेलिफोन नं. | |
| इमेल | |
| श्रोत केन्द्र र कार्यालय रहने स्थान | |

२. आवद्ध सदस्यहरुले पालेका बाख्राको विवरण

| सि. नं. | कृषकको नाम थर | ठेगाना | बाख्रा संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ब्याडको बोका | माउ | पठेङ्ग्रा | पठेङ्ग्रि | पाठा | पाठी | जम्मा |
| | | | | | | | | | |
| | | | | | | | | | |

३. अनुभव र अन्य विवरण

| | |
|---|---|
| विगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| विद्यमान वित्तीय, मानविय र भौतिक श्रोतको विवरण | |

४. कार्यक्रम सञ्चालन सम्बन्धि समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परविार संख्या

| | |
|---|---|
| भोगेका वा अनभूत गरेका व्यवसायगत समस्या | |
| कार्य योजना किन र केका लागि पेश गरिएको हो | |
| प्रस्तावित कार्यक्रमको उद्देश्य | |
| लाभान्वित घर परविार संख्या (प्रत्यक्षर अप्रत्यक्ष) | |

५. कार्यक्रम सञ्चालन प्रकृया

| | |
|---|---|
| प्रस्तावित कार्यक्रम कसरी सञ्चालन गरिन्छ | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

६. कार्यक्रमबाट हासिल हुने उपलब्धिहरु

| | |
|---|---|
| कार्यक्षेत्र विस्तार | |
| उत्पादन बृद्धि (दैनिक/ मासिक/वार्षिक परिमाण( मे.ट.) | |
| जिविकोपार्जन तथा जिवन स्तरमा सुधार | |
| रोजगारी तथा आर्थिक अवस्थामा सुधार | |

आर्थिक प्रस्ताव

प्रस्तावित कृयाकलापहरुको लागत अनुमान र सहकार्यकोको विस्तृत विवरण :

| क्र. सं. | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर (रु.) | कुल लागत (रु.) | प्रस्तावको योगदान (रु.) | सम्वन्धित कार्यालयको अनुदानवाट व्यहोरिने रकम (रु.) | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा (रु.) | | | | | | | | |

| | |
|---|---|
| माथि उल्लेखित विवरणहरु ठिक साँचो छ । झुठा ठहरे कानुन बमोजिम सजायको भागिदार हुनेछु । | |
| जिम्मेवारी पदाधिकारीको | |
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| छाप | |

*आवेदकको योगदानमा जग्गाको मूल्य र चालु खर्च समावेस गर्न पाइने छैन ।*

## लागत साझेदारीको प्रतिबद्धता

प्रदेश सरकार ............................ को मिति ........................ को ......................... मा प्रकाशित सूचना अनुसार ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ...........नं. वडा ................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री ......................................... ले लागत साझेदारीमा ............................................... कार्यक्रम सञ्चालनका लागि पेश गरेको कार्ययोजना अनुसार अनुमानित कूल लागत रु ............ को ......... प्रतिशतले हुन आउने रु ...................... अक्षरुपी..................... बराबरको लगानी आफ्नो आन्तरिक-श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

| बायाँ | दायाँ |
|---|---|
| | |

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र

श्रीमान् निर्देशकज्यू
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.१ बिराटनगर

बिषयः सिफारिस गरिएको बारे ।

उपरोक्त सम्बन्धमा प्रदेश सरकार, ......................... को मिति ...................... मा प्रकाशित सूचना मुताविक ...................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ..........नं. वडा ................ गाउँ/टोल स्थायी ठेगाना भएको श्री ....................................... ले लागत साझेदारीमा ............................................. कार्यक्रम सञ्चालनका लागि सिफारिस पाउँ भनि यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातहरुको अध्ययन तथा आवश्य जाँचबुझ गर्दा निजले पेश गरेका विवरणहरु सही रहेकोले प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्नेको
दस्तखतः
नामः
मितिः
छापः

अनुसूची-१८

# स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

(क) सामान्य जानकारी

(१) जिल्लाः

(२) आवेदकको नामः

(३) स्थायी ठेगानाः

(४) प्रस्तावित कार्यक्रमको नामः

(५) स्थलगत प्रमाणिकरण मितिः

(ख) आवेदकको मूल्याङ्कन

| क.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | *भौतिक क्षमता* | ३० | |
| १.१ | आवेदकको पृष्ठभूमि र प्रस्तावित कार्यक्रम बिच तालमेल भए/नभएको | ६ | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना छ/छैन | ६ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था | ६ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीको सुविधा छ/छैन | ६ | |
| १.५ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्तावित कार्यक्रम सञ्चालन गर्न उपयुक्त छ/छैन | ६ | |
| २ | *प्राविधिक क्षमता* | १५ | |
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | १० | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | ५ | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | ५ | |
| ३ | *वित्तिय क्षमता* | ५ | |
| ४ | वातावरणीय/हावापानीको हिसाबले उपयुक्त छ/छैन | १० | |
| ५ | अन्य पक्षहरु | २० | |
| ५.१ | संस्थागत/व्यवसायिक कृयाशिलता सन्तोपजनक छ/छैन | ५ | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | ५ | |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १
बिराटनगर, नेपाल

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| ५.३ | घाँसखेतीका लागी आवश्यक जमिन उपलब्ध हुन सक्ने अवस्था छ/छैन | ५ | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारिकरण हुन सक्ने अवस्था छ/छैन | ५ | |
| ६ | स्थलगत टोलीको राय | २० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ/छैन | २० | |
| | जम्मा | १०० | |

*कूल पचास अङ्क प्राप्त गर्न सफल प्रस्तावहरुको प्राथमिकिकरण गरिने छ । अन्यथा पचास भन्दा कम अङ्क प्राप्त गरेका प्रस्तावहरु छनौटका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिने छैन ।*

(ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण

| क्र.सं. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

(घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

(१)
(२)
(३)
(४)

(ङ) स्थलगत प्रमाणिकरण टोलको राय

| क्र.सं. | स्थलगत गर्ने पदाधिकारीहरुको नाम | पद | हुन्छ/हुँदैन | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रदेश सरकार
प्रदेश नं.-१

## कार्य योजना मूल्यांङ्कन फारम

| क्र. सं. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्रासाङ्क |
|---|---|---|---|
| १ | संस्थाको उमेर र अनुभव | १० | |
| १.१ | एक वर्ष भन्दा घटी | २ | |
| १.२ | एक वर्ष देखि दुई वर्ष सम्म | ३ | |
| १.३ | दुई वर्ष देखि तिन वर्ष सम्म | ४ | |
| १.४ | तिन वर्ष देखि चा वर्ष सम्म | ५ | |
| १.५ | पाँच वर्ष भन्दा वढी | १० | |
| २ | कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था | २० | |
| २.१ | सडक सुविधा भएको | ४ | |
| २.२ | विजुलीको सुविधा भएको | ३ | |
| २.३ | खानेपानीको सुविधा भएको | ३ | |
| २.४ | घाँस खेति गरिएको जग्गा वा भविष्यमा घाँस विस्तारको सम्भावना | ५ | |
| २.५ | संस्थाको स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र उपकरण भएको | ५ | |
| ३ | प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (संस्थाको हकमा स्थायी कामदारहरुको) | ५ | |
| ३.१ | सात दिन अवधि सम्मको तालिम | १ | |
| ३.२ | सात देखि पन्ध्र दिन अवधि सम्मको तालिम | २ | |
| ३.३ | सोन्ह देखि तिस दिन अवधि सम्मको तालिम | ३ | |
| ३.४ | एक महिना देखि तिन महिना अवधि सम्मको तालिम | ४ | |
| ३.५ | तिन महिना भन्दा वढी अवधिको तालिम | ५ | |
| ४ | वित्तिय क्षमता | ५ | |
| ५ | प्रत्यक्ष लाभाविन्वत संख्या | १५ | |
| ५.१ | पचास जना भन्दा कम | ५ | |
| ५.२ | एकाउन्न जना देखि उन्नाशय जना सम्म | १० | |
| ५.३ | एक शय जना देखि माथि | १५ | |
| ६ | वातावरणिय/हावापानी उपयुक्तता | ५ | |
| ७ | अन्य पक्षहरु | १० | |



सचिव

| क. सं. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्रासाङ्क |
|---|---|---|---|
| ७.१ | हालको काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| ७.२ | आवेदकको अवस्थिती र प्रस्तावित कार्यक्रम सञ्चालन स्थल विचको तादात्म्यता | ५ | |
| ८ | स्विकृत कार्यविधि अनुसारका थप आधारहरु | ३० | |
| ८.१ | प्रस्ताव आव्हानको सूचना मुताविक सम्वन्धित कार्यालयको प्राथमिकता र आवेदकको तालमेल | ५ | |
| ८.२ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.३ | प्राविधिक प्रस्तावको गुणस्तर | १० | |
| ८.४ | व्यावसायिक कार्ययोजनाको स्पष्टता | ५ | |
| ८.५ | कार्यविधि अनुसारका फर्मेट र प्रावधानको हेक्का राखिएको | ५ | |
| | जम्मा | १०० | |

*उपरोक्तानुसार व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन् ।*

प्रदेश सरकार, कृषि तथा सहकारी मन्त्रालय, विराटनगर, नेपाल

अनुसूची–८

## बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन सम्बन्धि प्रस्तावको अन्तिम छनौट र प्राथमिकिकरण फारम

| क्र.सं | द. नं. | आवेदक संस्थाको नाम | ठेगाना | स्थलगत प्रमाणिकरणको प्रासाङ्क (१००) | कार्ययोजना मूल्याङ्कनको प्रासाङ्क (१००) | स्थलगत प्रमाणिकरण टोलिको राय (२०) | हाल पालिरहेको बाख्रा संख्या (३०) | कुल प्राप्ताङ्क (२५०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | कूल प्रासाङ्कको आधारमा प्राथमिकिकरण गर्ने |
| | | | | | | | | | |
| | | | | | | | | | |

उपरोक्त प्राथमिकिकरण सहितको सूचि अन्तिम छनौट र स्विकृतिका लागि पेश गर्ने प्रस्ताव मङ्ल्याङ्कन तथा सिफारिस समितिका पदाधिकारीहरु:

| सि.नं. | नाम थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रदेश नं.-१
विराटनगर, नेपाल

## बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालनका लागि सम्झौता पत्र

प्रदेश सरकार, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. १ विराटनगरको आ.व. ........... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन गर्नका लागि मिति ................ गते .............पत्रिकामा प्रथम पटक प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस निर्देशनालयको मिति ......... को .......... स्तरिय निर्णयबाट श्री ............... को प्रस्ताव छनौट भएको हुँदा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बिराटनगर *(यस पछि प्रथम पक्ष भनिने)* र श्री ............*(यस पछि दोश्रो पक्ष भनिने)* का बीच तपसिल बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम सञ्चालन गर्न मन्जुरभै यो द्विपक्षिय सम्झौता गरिदियौं/लियौं । इति सम्वत ....साल ....... महिना ....... गते ....... रोज शुभम् ।

### तपसिल

(१) बाख्रा श्रोत केन्द्र स्थापना कार्यक्रम ....... जिल्ला ...... महा/उपमहा/नगर/गाउँपालिका ........... वडामा सञ्चालन गरिनेछ ।

(२) दोश्रो पक्षले पेश गरेको कार्ययोजना मुताविकका निम्न कृयाकलापहरु सञ्चालनका लागि प्रथम पक्षले अनुदान रकम उपलव्ध गराउनेछ ।

| क.स. | कृयाकलाप विवरण | अनुमानित लागत रु. | प्रथम पक्षले व्यहोर्ने रु. | दोश्रो पक्षले व्यहोर्ने रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| जम्मा | | | | |
| अक्षरुपी | | | | |

(३) प्रथम पक्षले प्रदानगर्ने अनुदान रकमबाट तिन प्रतिशत कन्टिजेन्सी वापत र नियमानुसारका अन्य कर कट्टा गरी दुई किस्तामा दोश्रो पक्षको वैङ्क खाता मार्फत भुक्तानी दिनेछ । तर कार्य सम्पन्न भएको अवस्थामा एकै किस्तामा अनुदान रकम भुक्तानी गर्न बाधा पर्ने छैन ।

(४) वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रही कार्यक्रम सञ्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सिमा तोकिनेछ । अर्थात: सम्वन्धित कार्यालयले प्रदान गर्ने अनुदान रकमलाई कार्यक्रम सञ्चालन लागतको पचहत्तर प्रतिशत बरावर मानी बाँकी पच्चिस प्रतिशत रकम सम्वन्धित साझेदार संस्थाले व्यहोर्नु पर्नेछ ।

(५) दोश्रो पक्षले व्यहोर्ने घटिमा पच्चिस प्रतिशत साझेदारी रकममा जग्गा र चालु खर्च वापतको रकम समावेश हुने छैन ।

प्रमुख सचिव

(६) प्रथम पक्षले कार्यक्रमको फलोअप सफलताको आधारमा पाँच वर्ष सम्म बजेटको व्यवस्था गरी कार्यक्रमलाई निरन्तरता दिनेछ तर कार्यक्रम संतोषजनक रुपमा संचालन नभएको ठहर भएमा कार्यक्रमको निरन्तरता नहुन सक्नेछ ।

(७) प्रथम पक्षले सम्झौता रकमको बढिमा पचास प्रतिशत बराबर प्रथम किस्ता बापत पेश्की निकासा दिन सक्नेछ । दोश्रो किस्ता निकासाका लागि प्रथम किस्ताबाट सम्पादित कार्यहरुको नियमानुसारको बिल/बिजक, प्राविधिक प्रतिवेदन र सम्बन्धित कार्यालय वा स्थानिय तह पशु सेवा शाखाको स्थलगत निरीक्षण प्रतिवेदन र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(८) दोश्रो पक्षले कार्यक्रम सम्पन भए पश्चात सम्बन्धित सरोकारवालाहरुको सहभागितामा सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन अन्तिम भुक्तानीका समयमा कार्य सम्पन्न प्रतिवेदन सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(९) दोश्रो पक्षले श्रोतकेन्द्रमा आवद्ध कृषकहरुले पालेका बाख्राको उत्पादन विवरण, प्रगति प्रतिवेदन र अन्य अभिलेखिकरण कार्यका लागि श्रोतकेन्द्र सन्चालक समितिले सम्बन्धित कार्यलयको समन्वयमा एक प्राविधिक सहजकर्ता नियुक्ति र परिचालन गर्न सक्नेछ ।

(१०) दोश्रो पक्षले कोषको लेखा परिक्षण प्रचलित कानून गर्नु पर्नेछ ।

(११) साझेदारले आर्थिक बर्ष समाप्त भएको एक महिना भित्र कोषको विवरण र अन्य कागजातहरु फरफारकका लागि सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(१२) श्रोत केन्द्रमा आवद्ध प्रत्येक कृषक सदस्यले कम्तिमा पचास वटा प्रजनन योग्य वयस्क माउ बाख्रा पालेको हुनु पर्नेछ ।

(१३) दोश्रो पक्षले श्रोत केन्द्रमा आबद्ध सबै बाख्राहरुको बीमा गर्नेछ ।

(१४) प्रथम पक्षले तोके अनुरुपको बाख्राको नश्ल कायम हुनेगरि बाख्रा श्रोत केन्द्र विकास गर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

(१५) दोश्रो पक्षले श्रोत केन्द्र सन्चालक समितिको निर्णय मुताविक उत्पादित बाख्रा बिक्री वितरण गर्नेछ र सो को नियमित विवरण पथम पक्षलाई उपलब्ध गराउनेछ ।

(१६) दोश्रो पक्षले आफ्ना आवश्यक्ता मुताविकका कृयाकलापहरु समेटि तयार गरिएको वार्षिक कार्ययोजना स्वीकृतिका लागि पथम पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

(१७) दोश्रो पक्षले व्यवसाय विस्तार तथा सुदृढिकरण गर्न ऋणको आवश्यकता महसुस गरेमा प्रथम पक्षले सो सम्वन्धी सहजिकरणको लागि वित्तिय संस्थाहरुसँग समन्वय गराउने छ ।

(१८) दोश्रो पक्षले स्वीकृत वार्षिक कार्ययोजना अनुरुप गरेका कार्यक्रमहरुको प्रगति विवरण चौमासिक रुपमा प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(१९) दोश्रो पक्षले पशु पालन व्यवस्थापनको लागि गरिने सम्पुर्ण कार्यहरुको अभिलेख विवरण अनुसूचि-११ (क) देखि अनुसूचि-११ (घ) सम्म राखी अद्यावधिक गर्नु पर्नेछ ।



प्रमुख सचिव

(२०) प्रथम पक्षले संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन ।

(२१) पहिलो पक्षको कार्यक्रम अवधि समाप्त भए पछि पनि दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनुपर्ने छ ।

(२२) दोश्रो पक्षले यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजिम कार्वाहीको भागेदारी हुनु पर्ने छ ।

(२३) आवश्यकता अनुसार उल्लेखित शर्तहरुमा थपघट गर्न सकिनेछ ।

| | |
|---|---|
| प्रथम पक्ष | दोस्रो पक्ष |
| कार्यालयको तर्फबाट सहि गर्नेको | समिति अध्यक्षको |
| नामः | नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | छाप |

प्रमुख सचिव

## बाख्रा श्रोतकेन्द्रको अनुगमन फारम

(१) जिल्लाः

(२) श्रोत केन्द्रको नाम र ठेगानाः

(३) कार्यक्रम सञ्चालन संस्थाको नाम र ठेगानः

(४) कार्यक्रम सञ्चालन भएको मितिः

(५) अनुगमन मितिः

(६) सम्वन्धित कार्यालयबाट प्राप्त रकम रु.

(७) साझेदार संस्थाको लगानि रकम रु.

(८) हालसम्म सम्पादित कृयाकलापहरु

(९) कृयाकलापमा सम्लग्न कृषक संख्या

(१०) श्रोतकेन्द्रमा भएका बाख्रा संख्या

(११) श्रोतकेन्द्रको उत्पादन र वेचविखन

| उत्पादन संख्या | | बिक्रि संख्या | | | |
|---|---|---|---|---|---|
| पाठा | पाठी | बोका | माउ | पाठा | पाठी |
| | | | | | |
| | | | | | |

(१२) घाँस विकासको अवस्था

(१३) प्राविधिक सहजकर्ता परिचालनको अवस्था

(१४) स्थान अनुसार गोठको बनावट वैज्ञानिक भए नभएको बारेमा विवेचनाः

(१५) श्रोतकेन्द्रका बाख्राको नश्ल र शारिरक अवस्था

(१६) श्रोतकेन्द्रमा रेकर्ड अध्यावधिकको स्थिति

(१७) दिइएका सुझावः

निरीक्षण कर्ताको नामः

पदः

मितिः

सहीः

समिति पदाधिकारीको नामः

पदः

मिति

सहीः

छापः

प्रमुख सचिव

## प्रगति विवरण फारम

कार्यक्रमको नामः

साझेदारको नामः

ठेगानाः

प्रगति विवरणको अवधिः मिति ............ देखि ............... सम्म

| सि. नं. | सम्पन्न क्रियाकलाप | इकाइ | परिमाण | बार्षिक लक्ष | हाल सम्मको प्रगति | कुन ठाँउँमा के गरियो भन्ने विवरण उल्लेख गर्ने | लाभान्वित कृषक परिवार संख्या | हाल सम्मको खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्नेः

पेश गर्नेः

अनुसूची

प्रदेश नं.-१

## श्रोत केन्द्रको [illegible] मापदण्ड

१. प्रजननयोग्य माउ बाख्रामा हुनुपर्ने गुणहरु:

(१) दुई वा दुई भन्दा वढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनुपर्ने ।

(२) माऊ बाख्राको माऊ (Dam) र बाऊ(Sire) बीच नाता नभएको हुनपर्ने ।

(३) पहिलो पटक ब्याउने उमेर बढीमा सत्र महिना हुनुपर्ने ।

(४) दुई वर्षमा तिन पटक ब्याउने विशेषता भएको हुनुपर्ने ।

(५) छनौट गरि बथानमा राखिने बाख्राको जात अनुसारको जातिय गुण प्रष्ट देखिने हुनुपर्ने ।

(६) राम्रो दूध उत्पादन तथा पाठापाठी हुर्काउन सक्ने क्षमता भएको, लामो खुट्टा, मिलेको शारिरीक बनावट तथा कल्चौडो र थुन मिलेको हुनुपर्ने ।

(७) शारिरीक बनावटमा कुनै खोट नभएको, प्रजनन् तथा अन्य रोग नभएको हुनुपर्ने ।

(८) छनौट गर्ने बाख्राले स्थानिय हावापानी सहन सक्ने र स्थानिय रुपमा उपलब्ध घाँसपात उपयोग गर्ने खालको हुनु पर्दछ ।

२. प्रजनन् बोकामा हुनुपर्ने गुणहरु:

(१) दुई वा दुई भन्दा वढी पाठापाठी जन्माउने माउ बाख्राको सन्तान हुनुपर्ने ।

(२) बोकाको माऊ (Dam) र बाऊ (Sire) बीच नाता नभएको हुनुपर्ने ।

(३) प्रजननको लागि छनौट गरिने बोका राम्रो दूध दिने माउबाट जन्मेको हुनुपर्ने ।

(४) आफ्ना दौतरीहरुको भन्दा बढी शारिरीक वृद्धि दर भएको हुनुपर्ने ।

(५) छनौट गरि बथानमा राखिने बोकाको जात अनुसारको जातीय गुण प्रष्ट देखिने हुनुपर्ने ।

(६) दुवै अण्डकोष राम्रोसँग विकास भएको र एकै आकार प्रकारको हुनुपर्ने ।

(७) फुर्तिलो, दानापानी रुचाएर खाने, छाला र रौं सफा तथा चम्किलो एवं उमेर अनुसार शारिरिक वृद्धि भएको हुनुपर्ने ।

(८) चौडा छाती, सिधा तथा बलियो खुट्टा तथा टाउको र गर्दनको अनुपात मिलेको हुनुपर्ने ।

(९) प्रजनन सम्बन्धि रोग तथा अन्य रोगहरुबाट मुक्त हुनुपर्ने ।

सचिव

प्रमुख सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

अनुसूची-१३

## प्राविधिक सहजकर्ता संग गरिने सम्झौता पत्र

आज मिति.......................मा जिल्ला.................. गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका मा संचालित बाख्रा श्रोतकेन्द्र स्थापना कार्यक्रममा प्राविधिक सहयोग गर्नका लागि बाख्रा श्रोतकेन्द्र संचालक समिति *(यस पछि पहिलो पक्ष भनिने)* र जिल्ला.................. गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका......... वडा नं. ......... मा वस्ने श्री............... *(यस पछि दोश्रो पक्ष भनिने)* वीच तपसिलमा उल्लेखित शर्तका अधिनमा कार्य गर्ने गरि द्विपक्षिय सम्झौता गरि लियौं/दियौं । इति सम्वत ........ साल ........ महिना ....... गते ....... रोज शुभम् ।

तपसिलः

(१) दोश्रो पक्षले पहिलो पक्षद्वारा दिइएको निर्देशन अनुसार प्राविधिक सहजकर्ताको रुपमा बाख्रा श्रोतकेन्द्र विकासमा सेवाटेवा प्रदान गर्नु पर्नेछ ।

(२) दोश्रो पक्षले श्रोतकेन्द्रमा आवद्ध कृषकहरुमा प्रविधि अनुसरण लगायत गोठ व्यवस्थापन, पशु आहारा, नश्ल सुधार, पशु स्वास्थ्य सेवा, प्रयोगशाला सेवा तथा वजार व्यवस्थापनको कार्यहरुमा सहजिकरण गर्नु पर्नेछ ।

(३) दोश्रो पक्षले बाख्रा श्रोतकेन्द्रको तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन गर्नु पर्नेछ ।

(४) दोश्रो पक्षले मासिक रुपमा पहिलो पक्षलाई प्रगति विवरण पेश गर्नु पर्नेछ ।

(५) दोश्रो पक्षले श्रोत केन्द्रमा आवद्ध कृषकहरुको समस्याहरुको पहिचान गरि प्रथम पक्ष समक्ष पेश गर्नेछ ।

(६) दोश्रो पक्षले प्रविधिको अनुशरणका लागि कृषकहरुलाई सदैव अभिप्रेरित गर्नु पर्नेछ ।

(७) यो सम्झौता मिति ...................देखि ..................... सम्मको लागि मात्र हुनेछ ।

(८) दोश्रोपक्षको काम संतोषजनक नभएमा पहिलो पक्षले कुनै पनि बखत सम्झौता रद्द गर्न सक्नेछ ।

(९) दुवै पक्षको समझदारीमा सेवा शर्तहरु थपघट गर्न सकिनेछ ।

प्रथम पक्षः
नामः
पदः
दस्तखतः
कार्यालयको छापः

दोश्रो पक्षः
नामः
ठेगानाः
दस्तखतः
औंठाको छापः

प्रमुख सचिव

रोहवर(विज्ञ केन्द्र)
नामः
पदः
दस्तखतः

## बाखाको अभिलेख फारम

| | | |
|---|---|---|
| श्रोत केन्द्रको नामः | कृषकको नाम थरः | ठेगानाः |
| माउ बाखाको ट्याग नम्बरः | नश्लः | जन्म मितिः |
| माउ बाखाको आमा | माउ बाखा बाउः | पहिलो पटक बोका लाग्दाको मितिः |

पहिलो पटक ब्याउदाको मितिः

माउ बाखाको विगतको संक्षिप्त जानकारीः उल्टिने ( ) तुहिने ( ) बारम्बार रोग लाग्ने( ) अन्य ( )

| वेत नं. | बोका लागेको मिति | बोकाको ट्याग नं. | ब्याएको मिति | तौल लिएको पटक | तौल लिएको मिति | पाठापाठीको लिङ्ग (M or F), तौल (के.जी.) | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ | | | २ | | | ३ | | | |
| | | | | | | ट्याग नं. | लिङ्ग | तौल | ट्याग नं. | लिङ्ग | तौल | ट्याग नं. | लिङ्ग | तौल | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पाँचौ मिहना | | | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पाँचौ मिहना | | | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पाँचौ मिहना | | | | | | | | | | | |
| | | | | जन्मेको दिन | | | | | | | | | | | |
| | | | | तेश्रो महिना | | | | | | | | | | | |
| | | | | पाँचौ मिहना | | | | | | | | | | | |

माउ बाखा बथानबाट हटाएको मितिः कारणः मृत्यु भएको ( ) यदि मृत्यु भएको भएको कारणः रोग लागेर ( ) दुर्घटना वा जंगली जनावारको कारण ( ) बिक्री गरेको ( )

कृषकले पाठापाठीको जन्मेको तौल, तिन महिनाको तौल र पाँच महिनाको तौल गरि तिन पटक तौल लिने ।